"स्वच्छ, शान्त, समृद्ध पर्यटकीय नगर बूढानीलकण्ठ"

# बूढानीलकण्ठ नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

गोल्फुटार, काठमाण्डौ

३ नं. प्रदेश, नेपाल

२०७५।९।१६
आर्थिक राष्ट्रिय दैनिकपत्रिका

# औषधि तथा औषधिजन्य मालसामानहरु खरिदको लागि सिलबन्दी दरभाउ-पत्र आह्वानको सूचना

*प्रथमपटक प्रकाशित मिति : २०७५।०९।१६*

*सूचना नं. : ०२।०७५।०७६*

बूढानीलकण्ठ नगरपालिकाको लागि स्वीकृत वार्षिक कार्यक्रमबमोजिम औषधि खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) बमोजिम इच्छुक इजाजतप्राप्त फर्महरूबाट तपसिलबमोजिमका शर्तको अधीनमा रही रीतपूर्वकको गोप्य सिलबन्दी दरभाउ-पत्र आह्वान गरिएको छ ।

**तपसिल**

१. इच्छुक सिलबन्दी दरभाउ-पत्र दाताले बूढानीलकण्ठ नगरपालिकाबाट पछि फिर्ता नहुने गरी रू. १०००।- (एक हजार मात्र) तिरी सिलबन्दी दरभाउ-पत्र फारम सूचना प्रकाशित भएको मितिले १५औँ दिनको ४:०० बजेसम्म खरिद गरिसक्नुपर्नेछ ।

२. इच्छुक सिलबन्दी दरभाउ-पत्र दाताले अद्यावधिक/नवीकरण गरिएको इजाजतपत्र, मू.अ. करमा दर्ता भएको प्रमाणपत्र, आ.व. ०७४।०७५ सम्मको कर चुक्ता गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरूका साथ फारम खरिदको आवेदनसहित प्रथमपटक सूचना प्रकाशित मितिले १६औं दिन १२:०० बजेसम्म यस बूढानीलकण्ठ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, गोल्फुटार काठमाडौंमा खामबाहिर कार्यालयको नाम, सूचना नं. र फर्मको नाम स्पष्ट उल्लेख गरी यस कार्यालयमा गोप्य सिलबन्दी दरभाउ-पत्र दर्ता गरिसक्नुपर्नेछ । साथै तोकिएको समयभित्र दर्ता हुन आएका बोलपत्रहरू सोही दिन दिनको २:०० बजे यस कार्यालयमा दरभाउ-पत्र दाता वा निजको आधिकारिक पत्रसहितको प्रतिनिधिहरूको रोहबरमा खोलिनेछ । दरभाउ-पत्र दाता उपस्थित नभएमा पनि दरभाउ-पत्र खोल्न बाधा पर्नेछैन । फारम दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा कार्यालय खुल्ने दिन सोही समयमा र स्थान उक्त कार्य गरिनेछ ।

३. दरभाउ-पत्र फारमसाथ बूढानीलकण्ठ नगरपालिकाको नाममा रहेको प्रभु बैंक हात्तीगौडा शाखाको धरौटी खाता नं. १२४००२००९५२६२५०००००४ मा जम्मा गरको रकम रू. ३७,५००।- (सैंतीस हजार पाँच सय मात्र)को सक्कल भौचर वा सो रकमबराबरको यस नगरपालिकाको नाममा कुनै (क) वर्गको वाणिज्य बैकले जारी गरेको फारम बुझाउने अन्तिम मितिले ४५ दिन मान्य अवधिको बैंक जमानत संलग्न हुनुपर्नेछ ।

४. निःशुल्क स्वास्थ्य सेवा कार्यक्रमअन्तर्गतको खरिद आदेशबमोजिमका औषधि सामानहरुमा नमेटिने गरी ठूलो अक्षरमा "Free Supply for Budhanilkantha Municipality" भनी लेखिएको हुनुपर्नेछ ।

५. सिलबन्दी दरभाउ-पत्र स्वीकृत वा अस्वीकृत गर्नेसम्बन्धी सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

६. यसमा उल्लेख भएबमोजिम बाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानुनबमोजिम हुनेछ ।

७. कबोल गरिएको दररेट अंक र अक्षरमा प्रष्ट रूपमा भर्नुपर्नेछ । उल्लिखित अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । म्याद नाघी आएको, रीत नपुगेको, शर्त राखी प्राप्त दरभाउ-पत्रउपर कुनै कारबाही गरिनेछैन ।

८. स्वीकृत दरभाउ-पत्रदाताले सम्झौता गर्न आउँदा कबोल अंक (मू.अ. कर समेतको) ५ प्रतिशतले हुन आउने जमानत रकम यस नगरपालिकाको नाममा कुनै (क) वर्गको वाणिज्य बैंकले जारी गरेको कम्तीमा एक वर्ष अवधिको कार्यसम्पादन जमानत पेस गर्नुपर्नेछ ।

९. आपूर्ति गर्नुपर्ने औषधि तथा औषधिजन्य उपकरणहरू नेपाल सरकार स्वास्थ्य सेवा विभागबाट तथा WHO बाट स्वीकृत भएको मापदण्डबमोजिम हुनुपर्नेछ ।

१०. नगरपालिकामा आपूर्ति गर्नुपर्ने औषधिको विवरण नगरपालिकाबाट स्वीकृत भएको विवरणबमोजिम हुनेछ र सोको विवरण कार्यालय समयभित्र सम्पर्क राखी विवरण प्राप्त गर्न सकिनेछ ।

Scanned by CamScanner